# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ५ मिति २०८१/०८/२६


भाग-२

## जानकी गाउँपालिका

## प्रसूति सेवाका लागि निःशुल्क एम्बुलेन्स तथा यातायात खर्च प्रदान गर्ने कार्यविधि, २०८१

प्रमाणीकरण मिति : २०८१/०८/२५

**प्रस्तावनाः**

संस्थागत तथा गुणस्तरीय प्रसूति सेवा तथा सुत्केरी सेवाको उपयोगमा वृद्धि ल्याई मातृ तथा नवशिशु मृत्युदरलाई कम गर्नका निमित्त जानकी गाउँपालिका क्षेत्रभित्र रहेका गर्भवती महिलाहरूलाई सुत्केरी हुन जानकी गाउँपालिकाका प्रसूति केन्द्रसम्म आउन तथा जानकी गाउँपालिकाका प्रसूति सेवा केन्द्रबाट प्रसूति जटिलता

भएका महिलालाई नजिकको बृहत आकस्मिक प्रसूति सेवा केन्द्रसम्म प्रेषण गर्नका निम्ति प्रसूति सेवाका लागि निःशुल्क एम्बुलेन्स तथा यातायात सेवा संचालन गर्न वान्छनीय भएकोले, जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ,२०७४ को दफा ४ बमोजिम जानकी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "प्रसूति सेवाका लागि निःशुल्क एम्बुलेन्स तथा यातायात खर्च प्रदान गर्ने कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कार्यक्रम" भन्नाले नेपाल सरकार समानिकरण अनुदान तथा यस जानकी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गतका गर्भवती, प्रसूति तथा सुत्केरीहरूलाई आकस्मिक अवस्थामा बर्थीङ सेन्टरसम्म र प्रसूतीको समयमा जटिलता देखिएमा बर्थीङ सेन्टरबाट नजिकको बृहत आकस्मिक प्रसूति सेवा केन्द्रमा प्रेषण गर्ने कार्यक्रम सम्झनु पर्छ ।

(ख) "यातायात खर्च" भन्नाले प्रसूति सेवा लिन आउने सेवाग्राहीलाई सेवा लिन स्वास्थ्य संस्थासम्म आउन वा प्रेषण गर्नु परेमा जान उपलब्ध गराउने तोकिए बमोजिमको यातायात खर्च बापतको रकमलाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह मातहतमा रहेका साथै अन्य प्रचलित कानुन अनुसार मान्यता प्राप्त स्वास्थ्य संस्थाहरू समेत सम्झनुपर्छ ।



CamScanner

(ङ) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले जानकी गाउँपालिका अन्तर्गत संचालनमा रहेका सामुदायिक स्वास्थ्य इकाई, आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, आधारभूत अस्पताललाई सम्झनुपर्छ।

(च) "आकस्मिक प्रसूति प्रेषण" प्रदेश सरकार सामाजिक बिकास मन्त्रालय ,स्वास्थ्य निर्देशनालय स्वास्थ्य कार्यालय कैलाली, द्वारा निर्मित आकस्मिक प्रसूति जटिलता प्रेषण सम्बन्धि निर्देशिका, २०७८ अनुसार आपतकालीन मातृ प्रेषणमा परेको अवस्था सम्झनुपर्छ।

(छ) "आकस्मिक प्रसूति सेवा केन्द्र" भन्नाले नेपाल सरकार बाट संचालित तथा अन्य सूचिकृत आधारभूत आकस्मिक प्रसूति सेवा केन्द्र (BEONC) र बृहत आकस्मिक प्रसूति सेवा केन्द्र (CEONC) लाई सम्झनुपर्छ।

३. कार्यक्रमको उदेश्य : कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ।

(क) स्वास्थ्य संस्थासम्म प्रसूति सेवा लिन सहज यातायात वा एम्बुलेन्स सेवाको पहुँचमा नभएकोले सुत्केरीहुने महिलाको स्वास्थ्य संस्थामा पहुँच बढाउन,

(ख) घरमा सुत्केरी हुँदा हुन सक्ने मातृ तथा नवशिशुको मृत्युदर घटाउन।

४. एम्बुलेन्स तथा यातायात खर्च प्रदान गर्ने आधारहरू :-

(क) जानकी गाउँपालिका अन्तर्गत रहेका प्रसूति केन्द्र वा प्रसूतिको समयमा जटिलता देखिएमा आकस्मिक अवस्थामा प्रेषण भई नजिकको नेपाल सरकारबाट संचालित तथा अन्य सूचिकृत आधारभूत आकस्मिक प्रसूति सेवा केन्द्र (BEONC) र बृहत आकस्मिक प्रसूति सेवा केन्द्र (CEONC) बाट प्रसूति सेवा लिएको हुनु पर्ने।



CamScanner

(ख) अनुसूची १ अनुसार नियमानुसार निवेदन पेश गरेको हुनुपर्ने ।
(ग) जानकी गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्ने ।

५. एम्बुलेन्स तथा यातायात खर्च प्रदानको प्रकृया :

(क) जानकी गाउँपालिका क्षेत्रभित्र रहेका प्रसूति केन्द्रमा सुत्केरी महिलालाई निजको स्थायी ठेगाना वा बसोबास रहेको स्वास्थ्य संस्थाबाट सोध भर्ना रकम उपलब्ध गराउने ।

(ख) सुत्केरी हुन स्वास्थ्य संस्थामा जाने सुत्केरी महिलालाई एम्बुलेन्स तथा यातायात खर्च बापत जानकी गाउँपालिकाका वडाहरूबाट जानकी गाउँपालिकामा संचालित प्रसूति केन्द्र सम्मको रू. ५००। (अक्षरूपी पाँच सय मात्र) र जानकी गाउँपालिकाका प्रसूति केन्द्रबाट टीकापुर अस्पतालसम्मको रू.१,०००।- (अक्षरूपी एक हजार मात्र) सोध भर्ना रकम उपलब्ध गराउने ।

(ग) नेपाल सरकारबाट आमा सुरक्षा कार्यक्रम मार्फत यातायात वा प्रोत्साहन खर्च प्रदान गरिएको भएतापनि यस कार्यविधि अनुसार एम्बुलेन्स तथा यातायात खर्च प्रदान गर्न बाधा पर्ने छैन ।

६. संशोधन गर्न सक्ने : जानकी गाउँ कार्यपालीकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

## नि: शुल्क एम्बुलेन्स तथा यातायात खर्च आवेदन फारम

## जानकी गाउँपालिका

मिति : -...............................

श्रीमान् स्वास्थ्य संस्था प्रमुख ज्यू,

...................................

मैले.........................................................अस्पताल/स्वा.चौ./आधारभूत स्वास्थ्य सेवा केन्द्र मा प्रसूति सेवा लिएकाले जानकी गाउँपालिका मार्फत प्रदान हुने स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई नि:शुल्क एम्बुलेन्स तथा यातायात खर्च रकम उपलब्ध गराई दिनुहुन तपशिलका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजात

१.स्वास्थ्य संस्थामा प्रसूति सेवा लिएको प्रमाण खुल्ने कागजात

२.नागरिकताको प्रतिलिपि

निवेदकको,

नाम/थर :-

उमेर :-

ठेगाना :-

दस्तखत:-

प्रसूति भएको मिति:-

प्रसूति भएको संस्था:-

मोबाइल नं.:-

................................................

एम्बुलेन्स तथा यातायात खर्च रकम प्रदान गर्ने स्वास्थ्य संस्थाले भर्ने:-

प्रसूति भएको मिति:-

प्रसूति भएको संस्थाको नाम र ठेगाना :-

रूजु गर्नेको:-

नाम:-

कार्यालयको छाप

दस्तखत:-

पद :-

मिति:-



CamScanner

## अनुसूची -२

## एम्बुलेन्स तथा यातायात खर्च रकम बुझेको भरपाई

म........................................ले स्वास्थ्य संस्थामा प्रसूति सेवा लिनका लागि एम्बुलेन्स तथा यातायात खर्च वापत रकम रू.................. अक्षरूपी..........................................................मात्र बुझिलीई यो भरपाई गरिदिए ।

नाम/थर :-

उमेर :- प्रसूति भएको मितिः-

ठेगाना :- प्रसूति भएको संस्थाः-

दस्तखतः- मोबाइल नं.:-



CamScanner

## अनुसूची -३
## प्रेषण पुर्जा

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत